Pennsylvania
Human Relations Commission



# PHRA अन्तर्गत आप्रवासी तथा शरणार्थी संरक्षणहरू

## संरक्षित वर्गहरू

पेन्सिल्भेनियाको मानव सम्बन्ध ऐन **(Pennsylvania Human Relations Act, PHRA)** ले निम्नका आधारमा हुने भेदभावलाई निषेध गर्छ:

- उमेर
- रङ
- जाति
- लिङ्ग
- पुर्खा
- राष्ट्रिय मूल
- धार्मिक आस्था
- प्रतिशोध
- पारिवारिक स्थिति (आवास मात्र)
- अपाङ्गता र सहायता वा गाइड जनावरहरू प्रयोग गर्ने, सम्हाल्ने वा तालिम दिने

PHRA अन्तर्गत रोजगारी, आवास, व्यावसायिक सम्पत्ति, सार्वजनिक सुविधा र शैक्षिक संस्थाहरूमा संरक्षणहरू उपलब्ध छन्

पेन्सिल्भेनियाको निष्पक्ष शैक्षिक अवसर ऐन (Pennsylvania Fair Educational Opportunities, PFEOA) अन्तर्गत उच्च माध्यमिक तह पछिका अधिकांश स्कुलहरूका लागि संरक्षणहरू उपलब्ध छन् | अन्यथा, स्पष्ट रूपमा निजी भनेर नतोकिएको भएसम्म त्यस्ता स्कुलहरूका लागि PHRA अन्तर्गत पनि कभरेज उपलब्ध हुन सक्छ

## उदाहरणहरू

- मुख छाड्नु, बहिष्कार गर्नु, अपमानजनक शब्द बोल्नु र भौतिक आक्रमण गर्नु
- कुनै व्यक्तिले अङ्ग्रेजी बोल्न सक्दैन भन्ने अनुमानमा कारबाही गर्नु, अङ्ग्रेजीबाहेक अन्य भाषा बोलेकोमा आलोचना गर्नु वा लवज निकालेर अङ्ग्रेजी बोलेकोमा आलोचना गर्नु
- जाति, रङ, धार्मिक आस्था, राष्ट्रिय मूल वा पुर्खाको कारणले विद्यार्थीहरूले सहपाठीलाई दुर्व्यवहार गर्छन् वा बुलिङ गर्छन् र स्कुल डिस्ट्रिक्टहरूले यी व्यवहारहरूलाई सम्बोधन गर्दैनन्
- पारिश्रमिकमा भिन्नता कामको प्रदर्शनबाहेक अन्य कारकहरूमा आधारित रहेर कसैको पारिश्रमिक घटाउनु वा समान काम गर्ने सहकर्मीलाई भन्दा कम भुक्तानी दिनु
- घरधनीले आवेदकको जाति, रङ, पुर्खा वा राष्ट्रिय मूलका कारण भाडामा दिन नचाहेको अवस्थामा घर उपलब्ध हुँदाहुँदै पनि घर अरूलाई भाडामा दिइसकिएको छ भनेर बताउनु
- रेस्टुरेन्ट मालिकले धार्मिक सिरपोश लगाएका ग्राहकलाई सेवा दिन अस्वीकार गर्छन्
- डेलिभरी सेवाले धेरै अल्पसङ्ख्यक रहेको बस्तीमा डेलिभर गर्न मान्दैन तर वरपरका गैर-अल्पसङ्ख्यक बस्तीहरूमा सामानहरू डेलिभर गर्छ

## यदि मलाई आफूमाथि भेदभाव गरिएको लाग्छ भने मैले के गर्नुपर्छ

- भेदभावको घटना भएको मितिले 180 दिनभित्र पेन्सिल्भेनिया मानव सम्बन्ध आयोगमा उजुरी दायर गर्नुहोस्
- आफ्नो उजुरीलाई समर्थन गर्न तपाईंसँग भएका हुन सक्ने कुनै पनि प्रमाणहरू (उदाहरणका लागि, टेक्स्ट म्यासेज, तस्वीर, रसिदहरू आदि) लाई सुरक्षित राख्नुहोस्
- तपाईंसँग आफ्नै खर्चमा निजी कानुनी सेवाहरू लिने अधिकार हुन्छ तर यो अनिवार्य छैन
- पेन्सिल्भेनिया कानुनले तपाईंलाई प्रतिशोधबाट पनि सुरक्षा प्रदान गर्छ यसको अर्थ उजुरी दायर गरेको, गैरकानुनी गतिविधिको विरोध गरेको वा छानबिनमा सहयोग गरेको कारणले कसैलाई पनि तपाईंविरुद्ध कुनै कारबाही गर्न अनुमति हुँदैन

## PHRC ले के गर्छ

- PHRA र PFEOA लागू गर्छ
- भेदभावका दावीहरूको छानबिन गर्छ र समाधान गर्छ
- सार्वजनिक सुनुवाइहरू आयोजना गर्छ
- मध्यस्थतामा सहजीकरण गर्छ।
- टाउनहलका बैठक तथा सामुदायिक सम्मेलनहरूको
- आयोजना गर्छ शैक्षिक तथा बाह्य पहुँच कार्यक्रमहरू
- तालिममा सहजीकरण गर्छ सामाजिक न्यायका पहलहरू सञ्चालन गर्छ

उजुरी दर्ता गर्न तपाईं आधिकारिक नागरिक नै हुनुपर्छ भन्ने हुँदैन


उजुरी दर्ता गर्न **www.pa.gov/PHRC** मा जानुहोस् **717- 787-4410 (717-787-7279 TTY)** मा फोन गर्नुहोस् वा क्षेत्रीय कार्यालयलाई सम्पर्क गर्नुहोस्

**Harrisburg**
555 Walnut Street, Suite 808
Harrisburg, PA 17101
717-787-9780 | 717-787-7279 (TTY)

**Philadelphia**
110 N. 8th Street, Suite 501
Philadelphia, PA 19107
215-560-2496 | 215-560-3599 (TTY)

**Pittsburgh**
301 5th Avenue, Suite 390, Piatt Place
Pittsburgh, PA 15222
412-545-5395 | 412-565-5711 (TTY)

phrc@pa.gov


**हामीलाई यहाँ फलो गर्नुहोस्:**